संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

(सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन)

बैठक संख्या- १९

मिति २०७५/०९/२३

## निर्णयहरू

नेपाल वायुसेवा निगमको वाइड बडी विमान खरिद सम्बन्धमा महालेखा परीक्षकको पचपन्नौं वार्षिक प्रतिवेदन, २०७४ मा उल्लिखित बेरुजुको सम्बन्धमा उपसमितिले पेश गरेको प्रतिवेदनको अध्ययन एवं विश्लेषण, बैठकमा भएका छलफल, प्राप्त सुझाव र उपलब्ध प्रमाणहरुका आधारमा समितिले निम्नानुसारका निर्णयहरु गर्यो र उक्त निणयहरु कार्यान्वयनको प्रगति प्रतिवेदन एक महिनाभित्र यस समितिमा पेश गर्न सम्बन्धित निकायलाई निर्देशन दिने :-

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव (लेखा उत्तरदायी अधिकृत) तथा नेपाल वायुसेवा निगमको सञ्चालक समितिका अध्यक्ष रहेका प्रेमकुमार राईको समयमा वाइड बडी विमान खरिद प्रक्रियाको शुरुवात भएको विवरण निगमले दिएको र सोही आधारमा उपसमितिले निजलाई कारवाही सिफारिस गरेकोमा निज प्रेमकुमार राईको अध्यक्षतामा बसेको बैठकले निगमको विनियमावलीको विनियम २३६ (१) (ख) अनुसार विमान खरिद कार्य अघि बढाउन उपसमिति मात्र बनाएको, उक्त उपसमितिले तयार गरेको बोलपत्र (RFP) तयार हुँदा निज उक्त पदमा बहाल नरहेको र बोलपत्र (RFP) का शर्तहरुबाट भएका अनियमिततामा संलग्न नभएको देखिएको अवस्थामा निजको हकमा दोषी मान्ने स्पष्ट आधार नखुलेको तर मन्त्रालयका तत्कालीन सचिव तथा निगमका अध्यक्ष शंकर प्रसाद अधिकारीले निगमको विनियमावलीको विनियम २३६ (२) अनुसार विमान खरिद प्रक्रिया अघि बढाई सोही अनुसार बोलपत्र स्वीकृत गरी निगमलाई ठूलो आर्थिक क्षति पुर्‍याई अनियमितता गरेको देखिएकोले निज शंकर प्रसाद अधिकारी र सञ्चालक सदस्यहरुलाई अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा थप छानविन गरी कानून बमोजिम हदैसम्मको दण्ड/सजाय गर्न नेपाल सरकार र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका हालका सचिव (लेखा उत्तरदायी अधिकृत) तथा तत्कालीन नेपाल वायुसेवा निगमको सञ्चालक समितिका अध्यक्ष रहेका कृष्ण प्रसाद देवकोटाले महालेखा परीक्षकको ५५ औं वार्षिक प्रतिवेदन, २०७४ ले विमान खरिद नियम संगत नभएको भनी जनाएको अवस्थामा छानविन नगरी त्यसको विपरीत विनियमावलीको विनियम २३६(२) अनुसार पुरानो विमान खरिद गर्ने प्रक्रियालाई

निरन्तरता दिई अन्तिम किस्ताका रकमहरु समेत भुक्तानी गरेको देखिएकोले तत्काल निलम्बन गरी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा थप छानविन गरी कानून बमोजिम हदैसम्मको दण्ड/सजाय गर्न नेपाल सरकार र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

३. नेपाल वायुसेवा निगमको सञ्चालक समितिका सदस्य सचिव तथा निगमका महाप्रबन्धक भई वाइड बडी विमान खरिद गर्न निगमको विनियमावलीको विनियम २३६ (२) अनुसार बदनियतपूर्वक पुरानो विमान खरिद गर्ने प्रक्रिया अघि बढाई जहाज खरिद प्रकरणमा प्रमुख भूमिका खेल्ने निगमका महाप्रवन्धक सुगतरत्न कंसाकारले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको देखिन आएकोले निजलाई कानून बमोजिम तत्काल निलम्बन गरी हदैसम्मको दण्ड/सजाय गर्न कानूनी कारवाही अगाडि बढाउन नेपाल सरकार र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

४. नेपाल वायुसेवा निगमबाट प्राप्त भएका विवरणका आधारमा विमान खरिदका लागि बनाइएका विभिन्न उपसमितिमा रहेका व्यक्तिहरु र सो प्रकरणमा संलग्न अन्य व्यक्तिहरुलाई आवश्यक छानविन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।

५. नेपाल वायुसेवा निगमको वाइड बडी विमान खरिद सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र निगमबाट प्राप्त विवरण र छलफलका आधारमा तत्कालिन मन्त्रीहरुले विमान खरिदमा भएको अनियमितता सम्बन्धमा सचिव मार्फत यथेष्ठ सतर्कता नअपनाएको देखिएकाले भविष्यमा हुने सार्वजनिक खरिद प्रक्रियामा विभागीय मन्त्रीहरुको जिम्मेवारी किटान गर्ने गरी नीतिगत व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

६. सार्वजनिक खरिद अनुगमन कार्यालयलाई निर्देशन गरिएका सिफारिसहरु बाहेक अन्य निर्देशन उपसमितिले सुझाव दिए अनुरुप समितिको माथि उल्लेखित निर्णयानुसार गर्ने र प्रतिवेदनका अन्य पक्षहरुमा इन्जिन खरिदका सम्बन्धमा वित्तीय तथा प्राविधिक पक्ष हेर्ने, भाषा र वाक्य गठन लगायत मा. सदस्यहरुले दिनुभएका सुझावहरु समावेश गरी अन्तिम रुप दिने गरी उपसमितिले पेश गरेको प्रतिवेदन पारित गर्ने निर्णय भयो ।